द्वारिकलाल चौधरी
प्रमुख
इटहरी उपमहानगरपालिका
इटहरी, सुनसरी
१ नं. प्रदेश, नेपाल

Dwarik Lal Chaudhary
Mayor
Itahari Submetropolitancity
Itahari, Sunsari,
1 No. Province, Nepal

# प्रेस विज्ञप्ती

तीर्थयात्रामा गएका १० जनाको भारतमा भएको सडक दुर्घटनामा परि ज्यान गएको घटनाले इटहरी उपमहानगर नगर कार्यपालिका अत्यन्तै मर्माहत र स्तब्ध भएको छ । गत माघ २३ गते ३५ दिनको तीर्थयात्राका लागि गएकाहरू व्यक्तिहरु सवार बस फागुन ८ गते बिहानै भारतको सलेम–बैंगलोर राष्ट्रिय राजमार्गमा दुर्घटना भएको दुःखद जानकारी प्राप्त भयो । इटहरी वडा नम्वर १० का वीर वहादुर राई, टिकाराम चौधरी, रसिलाल चौधरी, गोपाल तामाङ, फूलसरी चौधरी र वुधनी देवी चौधरी गरि ६ जना सहित १० जनाको दुर्घटनामा ज्यान गएको खवरपछि २०७६ फागुन १० गते बसेको इटहरी उपमहानगरको ७१ औं कार्यपालिकाको वैठक शोक प्रस्ताव पारित गर्दै स्थगित भएको छ । बैठकले मृतक प्रति भावपूर्ण श्रद्धाञ्जली र मृतकका परिवारजन प्रति गहिरो समवेदना ब्यक्त गरेको छ । घाइतेहरुको शिघ्र स्वास्थ्यलाभको कामना गरिएको छ । बैठकले मृतकको शव इटहरी ल्याउने ब्यवस्था मिलाइदिन र घाइतेको उपचारका लागि संघीय र प्रदेश सरकारसँग माग गर्ने निर्णय गरेको छ । इटहरी उपमहानगरका तर्फवाट मृतकका परिवारलाई यथोचित राहत प्रदान गर्ने र घाइतेको उपचारका लागि संघीय र प्रदेश सरकार सँग माग गर्ने निर्णय गरिएको छ ।

मिति - २०७६/११/१०

.......................
द्वारिकलाल चौधरी
प्रमुख